राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ८ २०८२ साउन ९ गते शुक्रवार (25 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## सरकार परिवर्तनको हल्ला निराधार : मन्त्री सरोज यादव

दैनिक समाचारदाता
जनकपुरधाम, ८ साउन । मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री तथा नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले हालैका दिनमा चर्चामा आएको सरकार परिवर्तनको सम्भावनालाई पूर्णतः अस्वीकार गरेका छन् ।

प्रदेश सरकारभित्र हाल कुनै अस्थिरता नरहेको दाबी गर्दै मन्त्री यादवले नयाँ सरकार गठनको कुनै तयारी नभएको स्पष्ट पारेका छन् । पछिल्लो समय नेपाली कांग्रेस र एमालेका केही सांसदहरूले सरकार परिवर्तनको चर्चा चर्काइरहेका बेला यादवको अभिव्यक्ति आएको हो ।



'प्रदेशमा अर्को सरकार गठनबारे न त एमालेभित्र, न त गठबन्धनभित्र नै कुनै किसिमको औपचारिक वा अनौपचारिक छलफल भएको छ,' मन्त्री यादवले भने, 'तर अफवाह यति धेरै फैलिएको छ कि जनतामा भ्रम उत्पन्न हुन थालेको छ, सरकारको गरिमा घटिरहेको छ ।'

उनले वर्तमान सरकार स्थायित्वतर्फ अग्रसर रहेको र विकासका एजेन्डामा केन्द्रित भइरहेको दाबी गरे । 'मधेश प्रदेशको विकास र स्थायित्व नै हाम्रो प्राथमिकता हो, यस्तो संवेदनशील समयमा अफवाह फैलाउनु जिम्मेवार राजनीतिज्ञको भूमिका होइन,' मन्त्री यादवको भनाइ थियो ।

सरकार परिवर्तनको चर्चा त्यसबेला चुलिएको थियो जब नेपाली कांग्रेसका सांसद कुमलकान्त झा र एमालेकै सांसद हरिनारायण महतोले 'सरकार परिवर्तनका लागि आन्तरिक गृहकार्य अन्तिम चरणमा पुगेको' दाबी गरेका थिए ।

सरकार परिवर्तनको चर्चा चर्किएसँगै एमाले संसदीय दलका नेता यादवको प्रष्टिकरणले सत्तारूढ गठबन्धनको धारणा बुझ्न सहयोग पुगेको छ । उनले वर्तमान गठबन्धन (एमाले, जसपा, जनमत र लोसपा लगायतका घटकहरू) अझ मजबुत हुँदै गएको बताएका छन् ।

'हामीबीच विश्वास र कार्ययोजनाको स्पष्ट समझदारी छ, सरकार परिवर्तनको कुनै आवश्यकता नै देखिँदैन,' उनले भने, 'अवस्था सुधारोन्मुख छ, अविश्वासको वातावरण सिर्जना गर्नुको औचित्य छैन ।'

मन्त्री यादवले नागरिकहरूप्रति आग्रह गर्दै भने, 'राजनीतिक अस्थिरताको हल्लाले जनतामा निराशा र भ्रम मात्र सिर्जना गर्छ । यस्ता आधारहीन प्रचारप्रति विश्वास नगरी सरकारका कार्यक्रमहरूमा सहयोग गर्न सबैलाई अनुरोध गर्दछु ।'

## करेन्ट लागेर किसानको मृत्यु

दैनिक समाचारदाता
जनकपुरधाम, ८ साउन । धनुषामा खेतमा विद्युतीय मोटरबाट सिँचाइ गर्ने क्रममा करेन्ट लागेर एक किसानको ज्यान गएको छ । हंसपुर नगरपालिका(३ मलहनिया निवासी ६० वर्षीय असर्फी महराको बुधबार दिउँसो करेन्ट लागेर मृत्यु भएको हो ।

प्रहरीका अनुसार दिउँसो करिब पौने ४ बजेतिर आफ्नै खेतमा पानी सिँचाइ गर्ने क्रममा मोटरमा जडान गरिएको तार सर्ट भएर करेन्ट लाग्दा उनी घाइते भएका थिए । उपचारका लागि तत्काल स्थानीय क्लिनिकमा पुर्याइएको भए पनि चिकित्सकले मृत घोषणा गरेका धनुषा प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहले जानकारी दिए । यसअघि बुधबार नै मधेश प्रदेशको रौतहटमा पनि यस्तै घटना दोहोरिएको थियो । त्यहाँ सिँचाइका क्रममा दुई जना किसानको करेन्ट लागेर ज्यान गएको थियो ।

अहिले मधेशमा वर्षाको अभावका कारण गम्भीर खडेरीको अवस्था छ । यसले गर्दा किसानहरूले विद्युतीय मोटरको सहारामा धान रोप्न र सिँचाइ गर्नुपरेको छ। तर, सुरक्षा सावधानी नअपनाउँदा दैनिकजसो किसानहरूले ज्यान गुमाउनुपरेको छ ।

## बेपत्ता बालक पोखरीमा मृत फेला

दैनिक समाचारदाता
जनकपुरधाम,८ साउन । धनुषाको सबैला नगरपालिका-१० खरियानीमा सात वर्षीय बालक पोखरीमा मृत फेला परेका छन् ।

बुधबार बिहानदेखि बेपत्ता रहेका खुसिया कापरका छोरा सचिन कापरको शव बिहीबार बिहान घर नजिकैको पोखरीमा तैरिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी बरुणबहादुर सिंहले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार बालक बुधबार बिहान करिब ११ बजे घरबाट खेल्न निस्किएका थिए। खोजतलास गर्दा बिहीबार



बिहान १० बजे उनी पोखरीमा मृत अवस्थामा फेला परेका हुन् । गर्मी छल्न पोखरीमा नुहाउन जाँदा डुबेर मृत्यु भएको हुन सक्ने प्रारम्भिक अनुमान प्रहरीले गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले घटनाको थप अनुसन्धान जारी राखेको जनाएको छ । शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको छ ।

## कर छली गर्ने १० फर्मलाई कारवाही, जरिवाना असुली

वीरेन्द्र कर्ण
जनकपुरधाम, ८ साउन । आन्तरिक राजस्व कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०८१/८२ मा १० वटा व्यापारी फर्मलाई कारवाही गरी ४ करोड ३० लाख रुपैया राजस्व संकलन गरेको छ ।

सो कार्यालयले समयमा कर नबुझाउने कर छली गर्ने तथा राजस्व नतिर्ने १२५ वटा व्यवसायिक फर्मलाई कारवाही प्रक्रिया अगाडि बढाएकोमा १० वटा फर्मलाई मात्र कारवाही गरेको हो । सो कार्यालयले करदाताहरुलाई कडाई गर्दा ७ वर्षपछि सतप्रतिशत राजस्व उठेको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा रु. ४ अर्ब ८८ करोड ६८ लाख राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा सोभन्दा बढी ४ अर्ब ९० करोड ४३ लाख राजस्व संकलन गरेको कर अधिकृत आनन्द कुमार गुप्ताले बताए । करीब २५ हजार करदाता रहेको सो कार्यालयले आर्थिक वर्ष २०८०/०८१ को तुलनामा आर्थिक वर्ष ०८२/८३ मा १००.३४प्रतिशत राजस्व संकलन गरेको छ ।

## मटिहानीमा उद्यमशीलताको प्रेरणादायी मोडल



दैनिक समाचारदाता
महोत्तरी, ८ साउन । मटिहानी नगरपालिकामा २०८० साल वैशाख १२ गते भएको भीषण आगलागीबाट प्रभावित परिवारहरूको जीवनस्तर उकास्न थालिएको "आगलागी प्रभावित परिवारको जीविकोपार्जन पुनःस्थापना परियोजना" प्रभावकारी बन्दै गएको छ ।

एफसीएको सहयोगमा, मटिहानी नगरपालिकाको समन्वय र रतौली युवा क्लबको नेतृत्वमा सञ्चालित परियोजनाको हालै नगरपालिका स्तरबाट अनुगमन गरिएको छ। नगर प्रमुख हरिप्रसाद मण्डल, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, वडा अध्यक्ष, शाखा प्रमुखहरू र क्लब प्रतिनिधिहरूको टोलीले कृषि फार्म, मल उत्पादन, दुना(टपरी उद्योग, नास्ता पसल, पशुपालन जस्ता उद्यमहरूको अवलोकन गरेको थियो ।

परियोजनाबाट पहिलो चरणमा ५४ परिवारलाई रु ५५,००० को दरले व्यवसाय प्रारम्भका लागि सहयोग गरिएको थियो। दोस्रो चरणमा २५ परिवारले नगद र सामग्रीसहित सहयोग पाएका छन्। १५ परिवारले तरकारी खेती सुरु गरेका छन् भने अन्यले प्राविधिक तालिम लिएर व्यवसायमा लागेका छन्। परियोजनाले ६ महिने कोचिङ कक्षा सञ्चालन गर्नुका साथै ६० बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको छ।

समीक्षा बैठकमा नगर प्रमुख मण्डलले परियोजनाको खुलेर प्रशंसा गर्दै सामाजिक र आर्थिक पुनःस्थापनामा यसको भूमिका महत्वपूर्ण रहेको बताए। प्रमुख प्रशासकीय अधिकृत शर्माले परियोजनाले दीगो जीविकोपार्जनतर्फ प्रेरित गरेको भन्दै अन्य क्षेत्रका लागि पनि यो सिकाइ हुनसक्ने बताए ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

*त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः*

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

'लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।'

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# धार्मिक पर्यटनको नयाँ कोशेढुंगा

जनकपुरधामको ऐतिहासिक मणिमण्डप क्षेत्रमा हालै उद्घाटन गरिएको 'सीता पुष्पवाटिका' मधेश प्रदेशको धार्मिक र सांस्कृतिक पर्यटक सम्भावनालाई मूर्तरूप दिन सक्ने एउटा ऐतिहासिक कदम हो । उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहद्वारा उद्घाटन गरिएको यो संरचना संघीय सरकारको लगानीमा सम्पन्न भएको हो, जसको मूल उद्देश्य जनकपुरलाई वैवाहिक गन्तव्यस्थलका रूपमा विकसित गर्नु हो ।

जनकपुरधाम हिन्दू धर्मावलम्बीहरूको गहिरो आस्था जोडिएको नगरी हो । यो नगरी न केवल पौराणिक इतिहासले प्रसिद्ध छ, तर राम-जानकी विवाहको साक्षी भूमि भएर पनि यसको विशेष महत्व छ । मणिमण्डप क्षेत्र राम-जानकीको विवाह भएको ऐतिहासिक स्थल मानिन्छ । त्यहाँको मौलिकता जोगाउँदै 'सीता पुष्पवाटिका'को निर्माणले जनकपुरलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले अझ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

प्यालेस भवन, धर्मशाला, पभेलियन, विवाहमण्डप र म्युजियमको व्यवस्था रहेको यो परियोजना मधेसमा यस्तो किसिमको उच्चस्तरीय संरचनाको उदाहरण हो, जसले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउन सक्छ । विवाहपञ्चमीजस्ता पर्वहरूमा लाखौं भक्तजनहरूको आगमन हुने जनकपुरधाममा बसोबास, सभाहल, र धार्मिक सांस्कृतिक क्रियाकलापका लागि आवश्यक पूर्वाधारको निर्माण अत्यावश्यक थियो । यस संरचनाले त्यो अभाव केही हदसम्म पूरा गरेको छ ।

मन्त्री सिंहद्वारा उद्घाटन समारोहमा व्यक्त गरिएको विचार–"जनकपुर सम्पूर्ण दक्षिण एशिया र विश्वभरिका हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो"–सटीक मात्र होइन, रणनीतिक दृष्टिले पनि समयानुकूल छ । दक्षिण एसियामा धार्मिक पर्यटनको ठूलो सम्भावना छ, तर नेपाल त्यसको पूर्ण उपयोग गर्न सकेको छैन । सीता पुष्पवाटिकाले अब त्यो सम्भावनालाई वास्तविकतामा रूपान्तरण गर्न मद्दत पुऱ्याउन सक्छ ।

तर प्रश्न यहीँ सकिँदैन । परियोजनाको समग्र मूल्य १८ करोड ५३ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको छ र निर्माण अवधि तोकिएको समयभन्दा पाँच वर्ष ढिलो भएको हो । समयमै निर्माण नहुनु र लागतको वृद्धिको विषयलाई पनि नजरअन्दाज गर्नु हुँदैन। यो प्रवृत्ति सरकारी योजनामा साधारणजस्तो देखिए पनि दीर्घकालीन रुपमा खर्चको पारदर्शिता र परियोजनाको समयानुकूलता माथि गम्भीर प्रश्न उठाउँछ। आगामी दिनमा यस्ता परियोजनाहरू निर्माण गर्दा पारदर्शिता, समयपालना र गुणस्तरमा कुनै सम्झौता हुनु हुँदैन ।

साथै, संरचना निर्माण मात्र पर्याप्त होइन । यसको दीर्घकालीन व्यवस्थापन, संरक्षण र प्रचारमा समेत तीनै तहका सरकारहरूको सक्रियता अपरिहार्य छ । मणिमण्डप क्षेत्रलाई धार्मिक गन्तव्य मात्र होइन, अन्तर्राष्ट्रिय वैवाहिक पर्यटन केन्द्रका रूपमा विकास गर्ने उद्देश्य साँच्चिकै सफल बनाउन चाहेमा, स्थानीय समुदायको सहभागिता, धार्मिक संस्थासँगको समन्वय, र डिजिटल प्रचारको रणनीति आवश्यक छ।

जनकपुरधामको धार्मिक महिमा, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरलाई विश्वसामु चिनाउनका लागि 'सीता पुष्पवाटिका' एउटा कोशेढुंगा अवश्य हो। तर, यसरी बनेका संरचनाहरू केवल उद्घाटन समारोहमा सीमित नहोस्–यसले स्थायी प्रभाव छाडोस्, जनकपुरधामको अन्तर्राष्ट्रिय पहिचान निर्माणमा सहायक बनोस्, यही अपेक्षा जनताको छ।

# युवा पुस्तामा सकारात्मक सोचको खाँचो



राज कार्की

आजको युग तीव्र गतिमा परिवर्तन भइरहेको छ । विज्ञान, प्रविधि, सूचना र सञ्चारको तीव्र विकासले मानव जीवनलाई सहज र गतिशील बनाएको छ । तर, यही परिवर्तनको आँधीभित्र युवा पुस्ता दिशाहीन, दिग्भ्रमित र चिन्तित भइरहेका छन् । उनीहरूलाई आत्मविश्वासभन्दा बढी डर छ, आशाभन्दा बढी शङ्का छ, उद्देश्यभन्दा बढी अन्योल छ । यस्तो अवस्थामा सकारात्मक सोच नै उनीहरूको जीवनलाई नयाँ दिशा दिनसक्ने एउटै शक्तिशाली उपाय हो । त्यसैले, युवालाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता बनेको छ ।

आजको प्रतिस्पर्धात्मक युगमा युवा भविष्यप्रति अन्योल, मानसिक तनाव, र असन्तुष्टिको दबाबमा छन् । सामाजिक सञ्जाल, बेरोजगारी, पारिवारिक अपेक्षा, र असफलताले उनीहरूमा नकारात्मक सोच विकास गर्न सक्ने सम्भावना बढेको छ । यस्तो अवस्थामा युवामा सकारात्मक सोचको खाँचो गम्भीर र आवश्यक विषय हो । सकारात्मक सोच भनेको हरेक परिस्थितिमा आशाको उज्यालो देख्ने सोच हो । यो सोचले व्यक्ति कठिनाइमा डराउनुको सट्टा समाधान खोज्न थाल्छ । जब जीवनमा समस्या आउँछ, नकारात्मक सोचले भन्छ, "अब केही हुँदैन," तर सकारात्मक सोच भन्छ, "यही समस्या समाधानको नयाँ अवसर हो ।" सकारात्मक सोच भनेको केवल सुखद् सपना देख्नु मात्र होइन, ती सपना साकार गर्न साहसपूर्वक सङ्घर्ष गर्नु हो ।

सकारात्मक सोच कुनै जादू होइन, तर जीवनलाई सरल, सफल र सन्तुलित बनाउने सशक्त मानसिक अवस्था हो । हरेक परिस्थितिमा उज्यालो देख्न सक्ने दृष्टिकोण विकास गरेमा जीवनका चुनौती पनि अवसर बन्न सक्छन् । त्यसैले, सकारात्मक सोच केवल सोचको शैली होइन, यो जीवन जिउने कला हो । "म सक्छु", "यो सम्भव छ" भन्ने भावना जागृत गराउन, असफलतालाई पाठको रूपमा लिने प्रवृत्तिको विकासले नकारात्मक सोच विस्तारै हराउँदै जान्छ । ध्यान, योग वा मननले पनि मानिसको मानसिक स्पष्टता र सकारात्मक ऊर्जा ल्याउँछ ।

नेपाल मात्र होइन, विश्वभर नै युवा पुस्ता मानसिक तनाव, बेरोजगारी, पारिवारिक दबाब र सामाजिक तुलनाको भारमा थिचिएका छन् । उनीहरू सामाजिक सञ्जालमा अरूको झुटो जीवनसँग आफ्नो वास्तविकता तुलना गर्दै आत्मग्लानि र हीन भावना पालिरहेका छन् । परिणामस्वरूप, आत्महत्या, मादकपदार्थको दुरुपयोग, अपराधमा संलग्नता र मानसिक रोग दिनदिनै बढ्दो क्रममा छ । यस्तो अवस्थामा उनीहरूलाई केबल शिक्षा दिएर पुग्दैन, उनीहरूलाई मानसिक रूपमा सशक्त बनाउनुपर्छ । सकारात्मक सोचमा आधारित जीवन सीपको प्रशिक्षण अहिलेको यथार्थ आवश्यकता हो ।

कारात्मक सोचले आत्मविश्वासको विकास गराउँछ। उनीहरू असफलतालाई पनि सिकाइको अवसरका रूपमा लिन्छन् । यसले मानिलाई सङ्कटमा अवसर देख्ने क्षमताको विकास गराउँछ । सङ्कटमा रुने होइन, त्यो अवसरमा रूपान्तरण गर्ने सोच युवामा विकास हुन्छ । व्यक्तिको नेतृत्व विकासमा पनि यसले मद्दत गर्दछ । सकारात्मक सोच भएका युवा नेतृत्वको क्षमतामा अगाडि बढ्छन् । उनीहरू समस्या समाधानकर्ता बन्छन्, गुनासो गर्ने होइन । यदि युवामा सकारात्मक सोच विकास गरियो भने, उनीहरू केबल आफ्नै जीवन सुधार्न सक्ने होइनन्, समाज र राष्ट्रको निर्माणमा पनि महत्वपूर्ण योगदान दिन सक्नेछन् । त्यसैले आजको आवश्यकता भनेको युवालाई सही दिशामा सोच्न प्रेरित गर्नु हो ।

सकारात्मक सोच भएका व्यक्तिले समाजमा पनि विशिष्ट योगदान दिन सक्छन् । उनीहरू समाज सुधार, स्वदेशमै उद्यम स्थापना र राष्ट्र निर्माणमा योगदान दिन सक्षम हुन्छन् । साथै, उनीहरुले अरु व्यक्तिमा सकारात्मक ऊर्जा फैलाउने काममा पनि सकारात्मक सोच भएको व्यक्ति केबल आफू सफल हुँदैन, ऊ वरपर पनि सकारात्मक ऊर्जा फैलाउँछ । यसले सामाजिक सद्भाव र एकता बढाउँछ । मानसिक स्वास्थ्यका लागि पनि सकारात्मक सोच हुन आवश्यक छ । यसले तनाब, चिन्ता र डिप्रेसनलाई घटाउँछ । साथै, कुनै समस्यामा आइपरेमा हार मान्नुको सट्टा समाधान खोज्ने प्रेरणा दिन्छ । आत्मबल र आत्मविश्वास बढाउने हुँदा आफैंप्रति विश्वास जन्माउँछ, जसले लक्ष्य प्राप्तिमा मद्दत पुऱ्याउँछ । यसले सकारात्मक दृष्टिकोण राख्न मद्दत गर्ने हुँदा सामाजिक सम्बन्ध सुदृढ हुन्छ । सकारात्मक व्यक्ति जहिले पनि नयाँ अवसरको खोजीमा रहन्छ र नवप्रवर्तनप्रति आफूलाई केन्द्रीत राख्दछ ।

युवामा सकारात्मक सोचको विकास जागृत गराउन प्रशिक्षणको आवश्यकता छ । यसका लागि पहिलो कुरा हाम्रो शिक्षा प्रणालीमा परिवर्तनको खाँचो छ । विद्यालय र कलेजले पाठ्यक्रममा जीवन सीप, सकारात्मक मनोविज्ञान, र भावनात्मक बुद्धिमत्ता जस्ता विषय समावेश गर्नुपर्छ । समयसमयमा युवालाई नियमित रूपमा प्रेरणादायी व्यक्तित्वबाट सेमिनार, व्यापार वार्ता, सफलताको कथाजस्ता कार्यक्रम आयोजना गरी आशाको सञ्चार राइराख्नुपर्छ । अनुभवी व्यक्तिबाट व्यक्तिगत मार्गदर्शन दिने मेन्टोरशिप कार्यक्रम सञ्चालन गर्न सकिन्छ । युवाहरुले गलत बाटोमा लाग्ने वा आफ्नो जीवनप्रति नैराश्य भाव राख्नुमा परिवार र समाजको कारण पनि रहेको हुन्छ । त्यसैले परिवारमा खुलेर बोल्ने वातावरण, सन्तुलित संवाद, हौसला दिने संस्कारको विकासमा परिवार र समाजको पनि उत्तिकै भूमिका रहेको हुन्छ । आवश्यक छ । समाजले युवालाई सुन्न, बुझ्न र मार्गदर्शन गराउन सक्छ । त्यस्तै सामाजिक सञ्जालमा सकारात्मक विचार, प्रेरणादायी भिडियो, लेख, र पोस्टहरूको प्रवर्द्धन गरिएमा त्यसले सकारात्मक नतिजा ल्याउँछ ।

नेपाल जस्तो मुलुक जहाँ जनसङ्ख्याको ठूलो हिस्सा युवामा आधारित छ, त्यहाँ सकारात्मक सोचले देशको दिशा नै बदल्न सक्छ । युवा सोच नै परिवर्तनशील छ, यसलाई सही दिशामा हिँडाउने हो भने त्यो समाज रूपान्तरणको मूल इन्जिन बन्न सक्छ । नेपालमा विगतका राजनीतिक, आर्थिक र सामाजिक उतारचढावले धेरै युवा निराश छन् । उनीहरू विदेशी भूमिमा श्रम बेच्न विवश छन् । यदि तिनै युवालाई सकारात्मक सोच, उद्यमशीलता, आत्मनिर्भरता र सम्भावनाको आँखा देखाइयो भने नेपाल आफैँ अवसरको भण्डार बन्न सक्छ ।

आजको अस्वस्थ शैक्षिक र व्यावसायिक प्रतिस्पर्धाले अधिकांश युवामा निराशा फैलाएको छ । अभिभावक र समाजको दबाबले पनि उनीहरूको मनोबल घटाएको पाइन्छ । बढ्दो सामाजिक सञ्जालको प्रयोगले अरुसँग तुलना गर्ने प्रवृत्तिले गर्दा आत्महीनताको भावना पैदा गरेको छ । विद्यालय, परिवार र समाजमा प्रेरणात्मक मार्गदर्शन तथा सकारात्मक सोच सिकाउने वातावरणको अभाव छ । यो समस्या समाधानका लागि सर्बप्रथम परिवार, विद्यालय र समुदायबाट नै सकारात्मक सोचको अभ्यास सुरु गर्नु आवश्यक छ । हाम्रो शिक्षा प्रणालीमा जीवन मूल्यको महत्वसमबन्धी पाठ्यसामग्री समावेश गर्नुपर्ने आवश्यकता छ । युवालाई लक्षित गरी प्रेरणादायी कार्यक्रम, तालिम र सेमिनार सञ्चालन गर्न सकिन्छ । सफल व्यक्तिका सङ्घर्ष कथा पनि युवालाई प्रेरणा दिने माध्यम बन्न सक्ने हुँदा त्यस्ता प्रेरक व्यक्तिसँग सत्सँग गराउने वा उनीहरुका बारेमा लेखिएका सामग्री पढ्ने अवसर प्रदान गर्न सकिन्छ ।

युवा शक्ति भनेको राष्ट्र निर्माणको मेरुदण्ड हो । ती युवा जसले साहस, लगनशीलता र दृष्टिकोण बोकेर अघि बढ्छन्, उनीहरूले देशको भविष्य बोकेर हिँडिरहेका हुन्छन् । उनीहरूको कर्म, सङ्घर्ष र नविन सोचले देशलाई समृद्धिको यात्रामा डोऱ्याउँछ । तर, केबल युवाको जोशले मात्र देश बोक्न सम्भव छैन, सरकारले नीति, अवसर र संरचना निर्माण गरेर ढोका खोलिदिनुपर्छ । सरकारको सहकार्यले युवाको ऊर्जा दिशा पाउँछ, अवसरमा बदलिन्छ, र देश समृद्धिको पथमा अगाडि बढ्छ । हुन त युवा आफैँले पनि अवसर सिर्जना गर्न सक्दछन्, तर सहकार्य बिना परिवर्तन दिगो हुँदैन । जब युवा र सरकार एउटै लक्ष्यमा सहमत हुन्छन्, तब देश बदलिन्छ, सपना साकार हुन्छ, र इतिहास बन्नसक्छ ।

युवाहरू केबल राष्ट्रका भविष्य हुन् भन्ने वाक्य पुरानिएको छ । आजका युवा वर्तमानका कर्ता हुन् । उनीहरूलाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु भनेको उज्यालो भविष्य निर्माण गर्नु मात्र होइन, आजको समस्याको समाधान पनि हो । समाजमा सकारात्मक परिवर्तन ल्याउन, भ्रष्टाचार अन्त्य गर्न, बेरोजगारीको समाधान खोज्न र राष्ट्र निर्माणको आधार तयार पार्न सकारात्मक सोच भएको युवाको खाँचो छ । यसैले हामी सबै अभिभावक, शिक्षक, नीति निर्माता, उद्यमी, समाजसेवी मिलेर युवामा सकारात्मक सोच विकास गराउने कार्यलाई प्राथमिकता दिनुपर्छ । शिक्षाले ज्ञान दिन्छ, तर सकारात्मक सोचले जीवन बदल्छ । त्यो जीवन परिवर्तन नै समाज रूपान्तरणको प्रारम्भ हो । आजको यथार्थमा, जहाँ धेरै युवा विदेशिन चाहन्छन्, त्यहाँ यस्तो सन्देशले नयाँ आशा जगाउँछ, "युवाले देश बोक्न तयार छन्, सर्त केवल यति हो, सरकारले ढोका खोलिदियोस् ।" (लेखक सुटमालाका कार्यकारी निर्देशक हुनुहुन्छ) रासस

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सर्वोच्चद्वारा आयोडिनयुक्त नुन ऐन २०५५ कार्यान्वयन नगर्न आदेश




काठमाडौँ, ८ साउन। सर्वोच्च अदालतले 'आयोडिनयुक्त नुन ( उत्पादन तथा विक्र वितरण) ऐन २०५५' कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको संयुक्त इजलासले गत असार ३० गते अन्तरिम आदेश गर्दै आयोडिनयुक्त नुन ऐन २०५५ यही साउन १ गतेदखि कार्यान्वयन नगर्न भनेको हो। आदेशमा ऐन निर्माण भई जारी भएको हाल करिब २५ वर्ष व्यतित भइसकेको अवस्था रहेको र हालसम्म ऐन कार्यान्वयनका लागि आवश्यक पूर्वशर्तको रुपमा रहेको नियमावली बनाउने काम पनि हुन नसकेको देखिएको उल्लेख छ।

साथै विना आवश्यक पूर्वतयारी ऐन लागू गर्दा यस अदालतबाट यसअघि परेका मुद्दामा चिन्ता व्यक्त गरिएजस्तै आम जनताको स्वास्थ्य र जनजिविकासँग प्रत्यक्ष सरोकार रहने आयोडिनयुक्त नुनको आपूर्ति र बिक्री वितरण नै प्रभावित हुनसक्ने अवस्था देखिएको आदेशमा उल्लेख छ।

आदेशमा भनिएको छ, "तत्काल ऐन लागू नगर्दा कसैलाई अपूरणीय क्षति पुग्नसक्ने अवस्था नदेखिएको र प्रस्तुत विषयवस्तुको प्रकृतिबाट रिट निवेदनको अन्तिम किनारा लाग्दाका बखत नै निरुपण हुन मनासिब हुँदा प्रस्तुत रिट निवेदनमा अन्तिम किनारा लाग्दाका बखत ठहरे बमोजिम हुने गरी हाललाई नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०८२ साउन १ गतेदेखि आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन, २०५५ प्रारम्भ हुने गरी नेपाल राजपत्रमा प्रकाशित सूचना कार्यन्वयन नगर्नु नगराउनु।"

आदेशमा आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन २०५५ को व्यवस्था कार्यान्वयन गर्नका लागि नियमावली जारी नगरेकाले उक्त ऐन कार्यान्वयनमा रोक लगाइएको उल्लेख छ।

अधिवक्ता शिलत महर्जनले २५ वर्षअघि बनेको 'आयोडियनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन, २०५५' लाई जगाइ आम जनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको आयोडिनसम्बन्धी नुनलाई निजी क्षेत्रबाट आयात र वितरण गर्ने योजना प्रत्यक्ष देखिएकाले उक्त ऐन लागू हुँदा मानव स्वास्थ्यमा दीर्घकालीनरुपमा गम्भीर असर पर्ने उक्त ऐन बदर गर्न माग गर्नुभएको थियो। रासस

# तराई-मधेसको खानेपानी समस्या समाधान गर्न जनशक्ति परिचालन गर्न निर्देशन

काठमाडौँ, ८ साउन। खानेपानीमन्त्री प्रदीप यादवले तराई-मधेसमा उत्पन्न भएको खानेपानी समस्या समाधानका लागि आवश्यक जनशक्ति परिचालन गर्न मातहतका निकायलाई निर्देशन दिनुभएको छ।

आज सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा आयोजित उच्च व्यवस्थापन टिम (एसएमटी) बैठकमा मन्त्री यादवले तराई-मधेससहित विशेषगरी बारा र पर्सामा उत्पन्न खानेपानी समस्याको तत्काल समाधानका लागि सम्बन्धित एवं मातहत निकायका प्रमुखलाई आवश्यक जनशक्ति परिचालन गर्न निर्देशन दिनुभएको हो।

उहाँले भन्नुभयो, "विशेषगरी तराई-मधेस क्षेत्रका आठ जिल्लामा देखिएको खानेपानी समस्यालाई समाधान गर्न हाम्रो सम्पूर्ण जनशक्ति परिचालन गरौँ, हाम्रो टिम र जनशक्ति खटिए त्यहाँको खानेपानीको समस्या समाधान गर्न सकिने छ।"

यसैगरी मन्त्री यादवले जलवायु परिवर्तनका कारण गहिरिँदै गएको तराई-मधेस क्षेत्रको खानेपानी सङ्कटलाई मध्यनजर गर्दै समाधानका लागि दातृ निकाय, अन्तरराष्ट्रिय संघ संस्था तथा छिमेकी मुलुकसँग आवश्यक सहयोगका लागि पत्राचार गर्नसमेत निर्देशन दिनुभएको छ।

आजको बैठकबाट विपद् व्यवस्थापनका लागि बजेट सुनिश्चितता, विनियोजित बजेटको लचिलो प्रयोगका लागि सहमति, खानेपानी आपूर्तिको व्यवस्थापका लागि सहजीकरण गर्न टोली खटाउने, अन्तरराष्ट्रिय सहयोगका लागि पहल गर्ने लगायतका निर्णय गरिएको मन्त्रालयका सचिव इन्जिनियर प्रमिलादेवी शाक्य बज्राचार्यले जानकारी दिनुभयो।




उहाँका अनुसार खानेपानी तथा ढल व्यवस्थापन विभागमार्फत तराई-मधेशको सुक्खा क्षेत्रमा तत्काल खानेपानी आपूर्तिको व्यवस्थापका लागि सहजीकरण गर्न टोली खटाउने, पानीको सदुपयोग र सुरक्षित पानी प्रयोग गर्न जनचेतना मुलक कार्यक्रम दातृ निकाय तथा जिल्ला प्रशासन कार्यालयको सहकार्यमा सञ्चालन गर्ने, मधेश प्रदेशका आठ जिल्लामा फिल्ड स्तरको टोली गठन गर्ने, एक जिल्ला एक टोली तथा टोलीमा एक जना सिनियर डिभिजनल इञ्जिनियर र एक जना इञ्जिनियर रहने गरी विभागवाट आवश्यक जनशक्ति तत्काल खटाउने निर्णय गरिएको छ।

त्यसैगरी जिल्लामा खटिने टोलीले स्थलगत अध्ययन, प्राथमिकता पहिचान र शीघ्र खानेपानी समस्या समाधानको प्रस्ताव पेस गर्न जिम्मेवारी तोक्ने, टोलीले जिल्ला प्रशासन कार्यालय, जिल्ला समवन्वय समिति र स्थानीय तहसँग समन्वय गरेर कार्य गर्ने, केन्द्रीय स्तरको सिँचाइको सहसचिवको नेतृत्वको समितिसँग र विभागले खटाएको समितिसँग समन्वय गर्ने निर्णय गरेको छ।

बैठकले पानीको सङ्कटग्रस्त जिल्लामा तात्काल खानेपानी आपूर्ति सुनिश्चित गर्न अर्थ मन्त्रालयमार्फत मित्र राष्ट्र एवं दातृ निकायसँग ट्याङ्कर, बोरिङ सेटअप, प्याकेज्ड वाटर वितरण लगायतका सम्भावित सहयोगका क्षेत्रमा राहत कार्यक्रम सञ्चालन गर्न सहकार्यका लागि अनुरोध गर्ने निर्णयसमेत गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालय र मातहतका निकायमा विभिन्न शीर्षकमा विनियोजित बजेट विपद् सङ्कटग्रस्त क्षेत्र घोषित जिल्लामा अत्यावश्यक खानेपानीको अल्पकालिन व्यवस्थापनका लागि तत्काल खर्च गर्न अर्थ मन्त्रालयसँग सहमति माग गर्ने निर्णय गरिएको सचिव इ बज्राचार्यले बताउनुभयो। रासस

# रुसी विमान दुर्घटना, ४९ जनाको मृत्युको आशङ्का



ब्लागोभेश्चेन्स्क (रुस), ८ साउन। रुसको सुदूर पूर्वी अमुर क्षेत्रमा बिहीबार दुर्घटना भएको अङ्गारा एयरलाइन्सको एन्टोनोभ-२४, (सोभियत-इरा एन-२४) यात्रुबाहक विमान अवतरणको क्रममा नै आगो लागेर जलेको पुष्टि भएको छ। विमानमा सवार ४९ जनामध्ये सबैको ज्यान गएको आशङ्का गरिएको छ।

टिन्डा विमानस्थलका निर्देशकका अनुसार, विमान जमिनमा ठोक्किएसँगै आगलागी भएको थियो। घटनापछि क्षेत्रको हवाई निगरानीका लागि परिचालित (एमआइ-८)) हेलिकोप्टर टोलीले कुनै पनि जीवित यात्रुको सङ्केत फेला नपरेको जानकारी दिएको छ।

रुसी नागरिक सुरक्षा तथा आगो नियन्त्रण केन्द्रले राज्य समाचार संस्था ताससँग दिएको जानकारीमा भनिएको छ,"टिन्डा विमानस्थलका निर्देशकका अनुसार विमान जमिनमा ठोक्किएपछि आगो लागेको हो, र घटनास्थल माथिबाट उडिरहेको हेलिकोप्टरले कुनै पनि बाँचेकाको सङ्केत देखेन।"

दुर्घटनास्थल अमुर क्षेत्रको टिन्डा नजिकै रहेको पहाडी र दुर्गम क्षेत्र हो। उद्धार कार्य अवरुद्ध भएको छ। प्रारम्भिक समाचारमा ५० यात्रु रहेको समाचार आए पनि एक जनाको अवस्थाका बारेमा स्पष्ट पारिएको छैन। यसको मुख्य कारण जङ्गलयुक्त भूगोल र कठिन मौसम रहेको अधिकारीहरूले बताएका छन्। तास

# प्रतिनिधिसभा: प्रस्ताव स्वीकृत

दैनिक समाचारदाता

काठमाडौँ, ८ साउन। प्रतिनिधिसभाको आजको बैठकले 'मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८१' माथि विचार गरियोस् भन्ने प्रस्तावलाई सर्वसम्मत्तिले स्वीकृत गरेको छ। बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

विधेयकका सम्बन्धमा सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफ दिनुहुँदै मन्त्री सुडीले विधेयक महत्वपूर्ण रहेको र यसमा आवश्यक सुधार भए समेटेर अघि बढाउने विश्वास व्यक्त गर्नुभयो।

विधेयकको सैद्धान्तिक पक्षमाथिको छलफलमा सांसदहरु वासुदेव घिमिरे, दामोदार पौडेल वैरागी, नागिना यादव, बिजुला रायमाझी, सराज अहमद फारुकी, जनार्दन शर्मा, विमला सुवेदी, प्रतिक्षा तिवारी, भगवती चौधरी, ठाकुर गैरे, रामप्रकाश चौधरी, नारायणी शर्मा, सुशीला सिर्पाली ठकुरी, प्रेम सुवाल, हर्कमाया विश्वकर्मा, रणकुमारी बलम्पाकी मगर, रुपा सोशी (चौधरी), रमा कोइराला पौडेल, जावेदा खातुन जागा र रणेन्द्र बराली सहभागी हुनुभयो। आजको बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रस्तुत गर्नुभएको भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ। यसअघि बैठकमा सभामुखको आसनबाट सांसद दुर्गा राईले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनुभएको थियो।

प्रतिनिधिसभाको अर्को बैठक यही साउन ९ गते शुक्रबार दिउँसो १ बजे बस्नेछ।

# देशको समृद्धि सपना होइन सङ्कल्प बन्नुपर्छ: पूर्वराष्ट्रपति भण्डारी

दैनिक समाचारदाता

काठमाडौँ, ८ साउन। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले देशको समृद्धि अब सपनामा सीमित नभइ सङ्कल्प बन्नुपर्ने बताउनुभएको छ।

'नेपाल खबर डटकम'को १०औँ वार्षिक दिवसका अवसरमा आयोजित आर्थिक सम्मेलन 'राइजिङ नेपाल समिट'लाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति भण्डारीले समृद्धि केही सीमित व्यक्तिले नाफा कमाउने कुरा मात्र नभइ सामाजिक न्याय समानता र विश्वासको स्रोत भएको बताउनुभयो।

समृद्धिका लागि राष्ट्रिय पुँजीको निर्माण तथा रुग्ण उद्योगको पुनःव्यवस्थापन र पुनःउत्थान गरिनुपर्ने र प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई श्रृङ्गार गरेर पर्यटनको विकासलाई अघि बढाउनुपर्ने पूर्वराष्ट्रपति भण्डारीले बताउनुभयो। पाल्पाली करुवा, भोजपुरे खुकुरी र पाटनका ढलौटका उत्पादनलाई ब्राण्डिङ गरी उपहार सामग्रीका रुपमा अन्तरराष्ट्रिय बजारमा लैजान सकिने उहाँको भनाइ थियो। उहाँले युवा उद्यम बढाउन आवश्यक नीति बनाउने तथा श्रम पलायनलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्रीका आर्थिक सलाहकार एवं पूर्वअर्थमन्त्री युवराज खतिवडाले अहिले निरपेक्ष गरिबी निकै घटेको, ४ प्रतिशतभन्दा कम राष्ट्रिय गरिबी रहेको र ४ देखि ५ प्रतिशतको आर्थिक वृद्धिको तथाङ्कले आर्थिक अवस्था सुदृढ हुँदै गएको देखिने बताउनुभयो। पछिल्लो तीन वर्षमा निजी क्षेत्रबाट लगानी घटेको तथा विदेशबाट लगानी नआएकाले केही समस्या देखिएको उहाँले बताउनुभयो।

व्यावसायिक वातावरणमा नेपालले प्रसस्त प्रगति गरेको अन्तरर्राष्ट्रिय प्रतिवेदनले देखाएको उल्लेख गर्नुभयो। विगतमा जस्तो सुरक्षा, मजदुर, लोडसेडिङ तथा तरलताका समस्या समाधान भएको आर्थिक सलाहकार खतिवडाले बताउनुभयो। निजी र सार्वजनिक क्षेत्र एकअर्काको प्रतिस्पर्धी नभइ परिपुरक भएको उहाँले बताउनुभयो। समृद्धिको लाभ सबैले पाउनुपर्छ भन्ने अवधारणाअनुसार सरकार चलिरहेको उहाँले बताउनुभयो।

"समाजवाद उन्मुख भनिएका कारण लगानी आएन कि भन्ने भाष्य निर्माण गर्नुहुँदैन", आर्थिक सलाहकार खतिवडाले भन्नुभयो। भाडामा जमिन दिने तथा हदबन्दीमा लचकता ल्याउन सरकारले सहजीकारण गरिरहेको उहाँले बताउनुभयो। निजी क्षेत्रले आफ्नो धारणा स्पष्ट पार्नुपर्ने उहाँको भनाइ थियो। आर्थिक सल्लाहकार खतिवडाले आर्थिक मुद्दामा राजनीतिक दलबीचको



अन्तर साघुरो हुँदै गएको जिकिर गर्दै यसलाई आर्थिक विकासको सकारात्मक वातावरणका रुपमा लिनुपर्ने बताउनुभयो।

कार्यक्रमको विषय प्रस्तुत गर्दै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले थुप्रै कानुनी सुधार गरेको उल्लेख गर्नुभयो। देशमा लगानीको वातावरण छैन भन्ने नकारात्मक भाष्यलाई सच्याउन महासङ्घलगायतले घरेलु पुँजी परिचालनका लागि रु १० अर्बको कोष खडा गरेको उहाँले बताउनुभयो। लगानीको वातावरण बनेको प्रमाणका रुपमा मध्यपूर्वको लगानी अगाडि बढेको, राष्ट्र बैंकद्वारा जारी मौद्रिक नीतिले साथ दिएको र घरेलु लगानीलाई प्रवर्द्धन गर्ने कुरामा प्राथमिकता दिएकाले यसलाई निजी क्षेत्रले सकारात्मक रुपमा लिएको उहाँको भनाइ थियो।

"कानुन र नीति जस्तै सरकारी निकायको ऋण शैली र प्रवृत्ति उद्योग मैत्री होस्", उहाँले भन्नुभयो।



# बजार सञ्चालन र कर विवाद चुलियो

दैनिक समाचारदाता
महोत्तरी, ८ साउन । महोत्तरीको बर्दिबासस्थित ऐतिहासिक निगौल गाई गौशाला र बर्दिबास नगरपालिकाबीच जग्गा भाडा, कर बक्यौता र बजार सञ्चालन अधिकारसम्बन्धी विवाद दिनप्रतिदिन चर्किंदै गएको छ।

वि.सं. १९८३ मा तत्कालीन श्री ३ सरकार र भारतको दरभंगा महाराजको पहलमा स्थापना गरिएको यो गौशाला अहिले गम्भीर संकटमा फसेको छ। गोठालाहरुलाई पारिश्रमिक दिन नसकिएको, गाईहरू भोका रहनु परेको र व्यवस्थापन पक्षको लाचार स्थिति सार्वजनिक भइरहेको छ।

विवादको केन्द्रमा रहेको वडा नं. ५ स्थित दुई बिघा १९ कट्ठा ११ धुर क्षेत्रफलको गौशाला स्वामित्वको जग्गामा नगरपालिका चौपाया तथा माछामासु बजार सञ्चालन गर्दै आएको छ। तर, २०७० सालमा भएको आपसी सम्झौताअनुसार ठेक्का रकमको २५ प्रतिशत हिस्सा नबुझाइएको गुनासो गर्दै गौशालाले रकम माग्दा स्थिति झनै जटिल बन्दै गएको हो। साउन ५ गते बजार ठेक्का उठाउने विषयमा भएको विवाद



झडपमा परिणत हुँदा वडा अध्यक्षसहित पाँच जना घाइते भएका थिए। त्यसयता दुवै पक्षबीचको तनाव अझै गहिरिंदै गएको छ।

नगरपालिकाले पत्रकार सम्मेलन गर्दै गौशालाले करिब तीन करोड रुपैयाँ बराबरको कर तिर्न बाँकी रहेको दाबी गरेपछि विवादले थप उग्र रूप लिएको छ। जवाफमा गौशालाले सर्वदलीय बैठकमार्फत २०७१ सालदेखि झण्डै पाँच करोड रुपैयाँ बजार ठेक्काबापतको रकम नगरपालिकाले नतिरेको आरोप लगाएको छ।

पूर्व गाविस अध्यक्ष देवनारायण महतोले नगरपालिकाले सम्झौता मिचेको टिप्पणी गर्दै यसलाई 'मत्यस्य न्याय' (ठूलो माछाले सानो माछा खाने) को संज्ञा दिएका छन्। नगर उपप्रमुख रेणुकुमारी महतोले भने सहमतिको आधारमा समाधान खोज्नुपर्नेमा जोड दिएकी छन्।

भूमि समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष पिताम्बर महतोले गौशालामाथिको हस्तक्षेपलाई दुःखद र अराजक भनेका छन्। सर्वदलीय छलफलमा सहभागी नेपाली कांग्रेस, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीलगायत दलका नेताहरूले गौशालाको पक्षमा ऐक्यबद्धता जनाएका छन्।

गौशालाका प्रमुख वीरबहादुर चौधरीले ठेक्का रकम बुझाउन पटक(पटक आग्रह गर्दा पनि नगरपालिका उल्टै झडपमा उत्रिएको आरोप लगाएका छन्।

स्थानीयवासी र नागरिक समाजमा यो विवाद चाँडै समाधान नभए ऐतिहासिक गौशालाको अस्तित्व नै सङ्कटमा पर्ने चिन्ता गहिरिंदै गएको छ।

# मधेश प्रदेशमा खानेपानी योजना सुरु

दैनिक समाचारदाता
जनकपुरधाम, ८ साउन। खडेरीको मारमा परेको मधेश प्रदेशमा राहतका रूपमा चालु आर्थिक वर्षको योजना ऊर्जा, सिचाइ तथा खानेपानी मन्त्रालयले खानेपानी डिप बोरिङ्ग जडानबाट सुरु गरेको छ।

मधेश प्रदेश सरकारका ऊर्जा, सिचाइ तथा खानेपानी मन्त्रालयले धनुषा जिल्लाको मिथिलाबिहारी नगरपालिका(२ परशुराम तलाउस्थित मन्दिर क्षेत्रमा पहिलो चरणको खानेपानी डिप बोरिङ्ग जडान कार्य थालेको हो। साउने सोमवारी मेलामा आउने श्रद्धालुहरूलाई परेको खानेपानी अभाव समाधान गर्न सो कार्य सुरु गरिएको हो।

बिहीबार एक विशेष कार्यक्रममा प्रदेशका ऊर्जा, सिचाइ तथा खानेपानी मन्त्री शेष नारायण यादवको प्रमुख आतिथ्यमा मन्दिरका पुजारी राधामोहन दासद्वारा विधिपूर्वक पूजा गरि बोरिङ्ग कार्यको सुरुवात गरिएको



हो। कार्यक्रममा सहभागी स्थानीयवासीहरूले खडेरीका कारण सिचाइ तथा खानेपानी दुवैमा गम्भीर समस्या उत्पन्न भएको भन्दै विभिन्न वडामा डिप बोरिङ्ग जडानको माग राखेका थिए। उनीहरूको पीडा सुन्दै मन्त्री यादवले भने, "संसाधन सीमित भए पनि आवश्यकता अनुसार प्राथमिकता निर्धारण गरी वडावडामा खानेपानी बोरिङ्ग जडान कार्य अघि बढाइएको छ।"

गम्भीर खडेरीका कारण मधेश प्रदेशलाई प्रदेश सरकारले 'सुख्खा क्षेत्र' घोषणा गरिसकेको छ भने संघीय सरकारले समेत तीन महिनाका लागि 'संकटग्रस्त क्षेत्र' घोषणा गरिसकेको छ। तर संघीय सरकारबाट हालसम्म कुनै विशेष राहत प्याकेज घोषणा भएको छैन।

मन्त्री यादवका अनुसार प्रदेश सरकारले तत्कालका लागि प्रत्येक वडामा डिप बोरिङ्ग जडान गर्ने योजना अघि सारेको छ। उनले भने, "खडेरीले सिचाइ मात्र होइन, खानेपानीमा समेत गम्भीर असर पारेको छ। त्यसैले अहिले प्राथमिकता खानेपानीमा दिइएको छ।"

यस कार्यले खडेरीको मारमा परेका बासिन्दालाई केही हदसम्म राहत पुग्ने आशा गरिएको छ।

# नागरिकमा ठूलो निराशा पैदा हुँदै गएको छ : प्रचण्ड

दैनिक समाचारदाता
काठमाडौँ, ८ साउन। पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आम नागरिकमा ठूलो निराशा पैदा हुँदै गएको बताएका छन्।

बिहीबार काठमाडौंमा आयोजना गरेको राइजिङ नेपाल समिट २०२५ को अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले सत्य सापेक्ष हुने भन्दै जनतालाई भनेजस्तो किन सेवा सुविधान दिन सकिएन भनेर सोच्न जरुरी रहेको बताए।

'अहिले भ्रष्टाचारको स्थिति दुनियाँमा तुलना गर्दा नेपाल क्रमशः भ्रष्टाचारी मुलुकभित्र अघि बढिरहेको छ। किन यति धेरै बढ्यो। अराजकता र बेथिति पनि



सबैतिर ब्युरोकेसी, जुडिसियरीदेखि, लेजिस्लेटिप सबै संस्थाहरू यो अराजकता के कारणले बढेको छ भन्नेकुराको समीक्षा हुन जरुरी छ,' उनले भने।

उनले त्यसको समीक्षा गर्ने जिम्मेवारी राजनीतिक दलहरूको भएको पनि उनले बताए।

'सत्य सापेक्ष हुन्छ, निरपेक्ष हुँदैन। तर यो बीचमा जनताको अपेक्षा र हाम्रो पोलिसीहरुको बीचमा के कन्ट्यारडिक्शन भयो, जसले ठूलो फ्रस्टेशन समाजमा पैदा हुँदै गएको छ,' प्रचण्डले भने, 'त्यसको समीक्षा गर्ने जिम्मेवारी पनि राजनीतिक दल, समाज, निजी क्षेत्र सबैको हो। किन भ्रष्टाचार दिनप्रतिदिन झन बढ्यो, सही निष्कर्षमा पुग्न नेगेटिभ साइट पनि हेर्नुपर्छ।'

# सप्तरीमा पाँच दिनमा चार जनाको शव फेला

दैनिक समाचारदाता
सप्तरी ८ साउन। सप्तरीमा पाँच दिन यता चार जना मृत फेला परेका छन्। पछिल्लो पटक राजगढ गाउँपालिका ५ मलेकपुर कामत टोलमा रहेको धान खेतमा बुधबार एक जना अन्दाजी ४५ वर्षीया एक पुरूष मृत फेला परेका हुन्।


स्थानीय गुलाब सिंहको खेतमा मृत अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएका प्रहरीले कानुनी प्रक्रिया पूरा गरी अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिनुभएको छ। शवको पहिचान खुल्न सप्तरीमा नसके पनि शव मुस्लिम समुदाय जस्तो देखिएको उहाँले बताउनुभयो।

सोही गाउँपालिका ३ मा जिल्लाको विष्णुपुर गाउँपालिका १ खुरहुरियाका २१ वर्षीय जितेन्द्र यादव मङ्गलबार झुन्डिएको अवस्थामा मृत फेला परेका थिए। उहाँको शव ससुरालीमा झुन्डिएको अवस्थामा फेला परेको हो। शव शङ्कास्पद अवस्था भेटिएकोले शव पोष्टमार्टमका लागि धरान पठाएको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रवक्ता बस्नेतले जानकारी दिनुभयो।

मङ्गलबार जिल्लाको अग्नीसाई कृष्णासवरण गाउँपालिका ३ मट्टिगढामा रामजानकी टोलमा स्थानीय बलराम चौधरीको २२ वर्षिय छोरा गोलु भन्ने कृष्णकुमार चौधरी मृत फेला परेका थिए। यसैगरी राजविराज नगरपालिका ८ हिमालय टोलमा शनिबार झुन्डिएको अवस्थामा स्थानीय कृष्ण पोखरेलको घरमा डेला गरी बस्ने २९ वर्षीया ऋतु पौडेल आफ्नै कोठामा झुन्डिएको अवस्थामा फेला परेकी थिइन्।

प्रहरीले सूक्ष्म अनुसन्धान गरेर दोषीलाई कारबाही नभएकैले जिल्लामा यस्ता घटनामा दिनदिनै वृद्धि हुँदै गएको स्थानीयले बताएका छन्। यस विषयमा प्रवक्ता बस्नेतले घटनाहरूको प्रहरीले सूक्ष्म अनुसन्धान गरिरहेको बताउनुभयो।



अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035





- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४